ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ | संख्याः ९ | नगरसभाबाट पारित मितिः २०७९।०९।२७

प्रमाणिकरणः २०७९।०९।२८

प्रकाशन मितिः २०७९।०९।२८


## भाग–१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०७९।०९।२७ गतेको नगरसभा बाट **"ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५" को दफा १ र ५ संशोधन भएको हुंदा** सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन २०७९)

**ऐनको दफा १ को उपदफा १ संशोधन**

**संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम" ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन २०७९) रहेको छ ।

**दफा ५ उपदफा १ मा साबिक ऐनको बुदा नं. क) देखि च) सम्मको व्यवस्था हटाई देहाय अनुसार कायम गर्ने ।**

*क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना - अध्यक्ष*

*ख) अभिभावक मध्येबाट अभिभावक भेलाले निर्वाचित गरेका ४ जना - सदस्य*

ठाकुरबाबा नगर शिक्षा ऐन २०७५ (दोस्रो संशोधन २०७९)

*ग) सम्बन्धित वडाको जनप्रतिनिधि मध्येबाट वडा समितिले सिफारिस गरेको एक जना - सदस्य*

*घ) विद्यालय सेवा क्षेत्रभित्रका शिक्षाकर्मी, शैक्षिक क्षेत्रका अनुभवी व्यक्तिहरु मध्येबाट प्रमुखबाट मनोनित एक जना - सदस्य*

*ङ) विद्यालयका संस्थापक वा चन्दादाता मध्येबाट विद्यालय व्यवस्थापन समितिद्वारा मनोनित एक जना - सदस्य*

*च) शिक्षकहरु मध्येबाट १ जना प्रतिनिधि - सदस्य*

*च(१) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव*

**१.१ माथि उल्लेखित पदहरुमा ३३ % महिला सहभागिता सुनिश्चित रहनेछ ।**

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन २०७९)